जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक १२४ | २०७९ साल मंसिर २७ गते मंगलबार (13 Dec. 2022 Tuesday) | मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

### डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ।
तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र :* २ पृष्ठमा : स्वास्थ्यमा सर्वव्यापी ... ३ पृष्ठमा : अन्तर्राष्ट्रिय पर्वतीय वर्ष... ३ पृष्ठमा : नयाँदिल्लीमा वायुको गुणस्तर...

## गौं हत्याको बिरोधमा प्रदर्शनका साथै गृहमन्त्रीलाई ज्ञापन



**दैनिक समाचारदाता**
**राजविराज, २६ मंसिर ।**

कञ्चनपुर जिल्लाको बेदकोट नगरपालिकामा पशु चौपाया व्यवस्थापन गर्ने नाममा गौं हत्या भएको भन्दै सप्तरीका हिन्दुवादी संगठन आन्दोलित भएका छन् ।

विश्व हिन्दु परिषद् सप्तरीको अगुवाईमा सोमबार राजविराजमा प्रदर्शन गर्नुका साथै गौं हत्यामा संलग्नमाथी कडा कारवाही माग गर्दै गृहमन्त्रीलाई ज्ञापनपत्र समेत बुझाइएको छ ।

परिषद्का उपाध्यक्ष दिलिप दासको अगुवाईमा गरिएको प्रदर्शन पश्चात् सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जिवि गिरी मार्फत गृहमन्त्री बालकृष्ण खाँणलाई ज्ञापनपत्र पठाइएको हो ।

गत सोमबार कञ्चनपुर जिल्लाको बेदकोट नगरपालिकामा पशु चौपाया व्यवस्थापन गर्ने भन्दै आधा दर्जन जति गाईलाई मार्न लगाएर गाडेको ज्ञापन पत्रमा उल्लेख छ । कानुनले गौं हत्यालाई निषेध गर्दा गर्दै स्थानिय सरकारका रुपमा रहेका नगरपालिकाले नै गौं हत्या गर्नु आपत्तिजनक रहेको ज्ञापनपत्र मार्फत घोर निन्दा समेत व्यक्त गरिएको छ ।

गौं हत्यामा संलग्न माथी कारवाही नभए आन्दोलन चर्काउने समेत ज्ञापनपत्र मार्फत चेतावनी दिइएको छ ।

## मदिरा पसलमा आगलागी हुँदा ५० लाख बराबरको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, २६ मंसिर ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका ७ अमरलत्ती चौकमा आइतबार साँझ आगलागी भएको छ ।

ऊँ शान्ति ट्रेडर्स मदिरा पसलमा विद्युत्को तार सर्ट भई पसलमा आगो लागेको पसल सञ्चालक मुकेशकुमार साहले बताएका छन् ।

पसलमा आगो लाग्दा करिब ५० लाख बराबरको क्षति भएको पसल संचालक साहको दाबी छ । साहका अनुसार चारवटा रेफ्रिजेरेटर फ्रिज, दुई थान मोबाइल, दुई थान ल्यापटप, एउटा टेलिभिजन, ग्यास चुलो, कुलर, पङ्खा, हिटर, फर्निचर, नगद १० लाखका साथै ३५ लाख बराबरको मदिरा जलेर नष्ट भएको छ ।

राजविराज नगरपालिकाबाट गएको वारुणयन्त्र, सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीयवासीको सहयोगमा आगो नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

## जंगली हात्तीले पाँच घर भत्काउँदा चार लाख मुल्य बराबरको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, २६ मंसिर ।**

कोसी टप्पु वन्यजन्तु आरक्षबाट आएको जंगली हात्तिले सप्तरीको कञ्चनरूप नगरपालिकामा तीन परिवारको पाँचवटा घर भत्काएको छ ।

जंगली हात्तीले कञ्चनरूप नगरपालिका १२ का तीन परिवारको पाँचवटा घर शनिबार राती भत्काउँदा चार लाख बराबरको क्षति भएको छ ।

कञ्चनरूप १२ धानुक टोलमा पसेको हात्तीले दलुलाल मण्डलको दुईवटा घर, सञ्जु मण्डलको दुईवटा घर र कैली रामको एउटा घर भत्काउनाका साथै अन्नपात खाएर नष्ट गर्दा उक्त मुल्य बराबरको क्षति भएको वडा सदस्य जैनुद्दीन मियाँले जानकारी दिएका छन् ।

यता अर्को जंगली हात्तीले वडा नं १२ को बस्तीपुर, श्रवणपुर, सीतापुर, चर्खियालगायत गाउँबस्तीमा प्रवेश गरी किसानले लगाएको तरकारी बाली तथा अन्न बाली खाएर, कुल्चिएर नोक्सान पुऱ्याउँदा लाखौंको क्षति भएको स्थानीयवासीले बताएका छन् ।

यस भेगमा प्रत्येक वर्ष हात्तीले आतंक मचाउनुका साथै मानिसको ज्यानसमेत लिने गरेको छ । हात्तीको आतंकलाई न्यूनीकरण गर्नेतर्फ सम्बन्धित निकायले चासो नदेखाएको भन्दै गाउँलेहरूले आक्रोश व्यक्त गर्दै आएका छन् । हात्तीगाउँमा पसेपछि गाउँलेहरू रातभरि डर त्रासमा जाग्राम बसेका छन् ।

## प्रत्यक्षमा भन्दा समानुपातिकमा बढी मत बदर

काठमाडौं, २६ मङ्सिर (रासस) ।

यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचनमा प्रणालीमा भन्दा समानुपातिक प्रणालीतर्फ बढी मत बदर भएको देखिएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचनमा प्रणालीमा एक करोड १० लाख ४७ हजार ३४ अर्थात् ६१ दशमलव ४१ प्रतिशत मतदान भएकामा पाँच दशमलव शून्य छ प्रतिशत मत बदर भएको निर्वाचन आयोगले जानकारी दिएको छ ।

निर्वाचन आयोगको सूचना प्रविधि महाशाखाका अनुसार प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ एक करोड ११ लाख २६ हजार २२६ अर्थात् ६१ दशमलव ३५ प्रतिशत मतदान भएकोमा पाँच दशमलव शून्य नौ प्रतिशत मत बदर भएको छ ।

प्रदेशसभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि एक करोड १० लाख ३४ हजार पाँच सय अर्थात् ६१ दशमलव ३६ प्रतिशत मतदान भएकोमा चार दशमलव शून्य सात प्रतिशत मत बदर भएको छ ।

प्रदेशसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ एक करोड १० लाख २८ हजार ३७६ अर्थात् ६१ दशमलव ३१ प्रतिशत मतदान भएकोमा ६ दशमलव ५५ प्रतिशत मत बदर भएको छ ।

प्रदेशसभातर्फ प्रत्यक्षमा मनाङको प्रदेशसभा २ मा निर्विरोध भएकाले सो क्षेत्रको मतगणनामा समावेश नगरिएको आयोगले जनाएको छ । आयोगले समानुपातिकतर्फको विजयीहरुको अन्तिम घोषणा मङ्गलबार गर्ने जनाएको छ ।

## निर्वाचन आचारसंहिता निष्कृय

काठमाडौं, २६ मङ्सिर (रासस) ।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगबाट जारी निर्वाचन आचारसंहिता, २०७९ सोमबारदेखि निष्कृय भएको छ ।

यही मङ्सिर ४ गते सम्पन्न निर्वाचनका लागि जारी आचारसंहिता सोमबारदेखि लागू नरहने निर्णय भएको निर्वाचन आयोगले जनाएको छ ।

आयोगले आचारसंहिता लागू नरहेको निर्णयको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सम्पूर्ण मन्त्रालय तथा संवैधानिक निकायमा गराएको छ । निर्वाचन आचारसंहिता, २०७९ को दफा १ को उपदफा (२) बमोजिम गत असोज १२ देखि सो आचारसंहिता मुलुकभर लागू गरिएको थियो ।

### जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

### आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



### तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

### न्यानो कपडा र दाउराको प्रबन्ध मिलाउन पूर्वतयारी आवश्यक

चिसो मौसमको आगमनसँगै अतिविपन्न व्यक्तिहरुलाई न्यानो कपडाको आवश्यक पर्ने भएको छ । न्यानो कपडा हुनेखानेका लागि मात्र हो । तर सप्तरीमा अधिकांश संख्यामा विपन्न समुदायको बसोवास रहेको छ । जसले एक छाक खान महिनेत र मजदुरी गर्नेगर्दछन । उनीहरुले गर्ने मजदुरीले खान त पुग्छ तर, लगाउन न्यानो कपडा पुग्दैन् । यता अत्याधिक चिसोका कारण सप्तरीमै मानिसहरुको मृत्युवरण भएको तथ्याङ्क समेत छ ।

एक छाक टार्न धौं धौं भइरहेको अवस्थामा न्यानो कपडा खरिद गर्न उनीहरुलाई आर्थिक अभाव छ । उनीहरु राज्यबाट समेत अपहेलित हुन्छन् । यस्तो अवस्थामा कम्तिमा चिसोबाट जोगिनका लागि राज्यबाट ती समुदायका लागि व्यवस्था गरिनु पर्दछ । चिसो मौसम आउनु अगावै उनीहरुका लागि सम्बन्धीत निकायले केही व्यवस्था गर्न अग्रसरता देखाउनु पर्छ ।

तसर्थ स्थानिय सरकारले चिसोबाट बच्नका लागि केही राहत स्वरुप न्यानो कपडाको व्यवस्था तथा शरीरलाई न्यानोका लागि दाउरा बाल्ने प्रबन्ध समेत अहिले नै मिलाएर राख्नु आवश्यक छ । विभिन्न संस्था तथा सरकारी निकायको पहलमा त्यस्ता समुदायलाई कम्तिमा बाच्न पाउने अधिकारबाट बञ्चित हुन नदिन अहिलेबाटै अग्रसरता देखाउनु अति आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# स्वास्थ्यमा सर्वव्यापी पहुँचका लागि मार्गचित्र

काठमाडौँ, २६ मङ्सिर (रासस) ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्यमा सर्वव्यापी पहुँच पुऱ्याउनका लागि मार्गचित्र तयार पारिरहेको छ ।

स्वास्थ्य सेवा विभागले 'स्वास्थ्यमा सर्वव्यापी पहुँच दिवस'का अवसरमा यहाँ आयोजना गरेको कार्यक्रममा मन्त्रालयका सचिव देवकुमारी गुरागाईंले स्वास्थ्य क्षेत्रमा रहेको असमानतालाई हटाई सबै नागरिकमा स्वास्थ्य सेवा पुऱ्याउनका लागि मार्गचित्र तयार पारिरहेको जानकारी दिनुभयो ।

उहाँले स्वास्थ्यमा सबैको पहुँच पुऱ्याउनका लागि गहन, सहज र पारदर्शीरुपले स्वास्थ्यका कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभयो । उहाँले स्वास्थ्य सेवा नपुगेका दूरदराज ठाउँका सर्वसाधारणलाई सेवाको पहुँच पुऱ्याउन सरकार लागिपरेको बताउनुभयो ।

उहाँले संविधानले व्यवस्था गरेको आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउनेतर्फ सरकार केन्द्रित भएको बताउनुभयो । कार्यक्रममा स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले सर्वसाधारणलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन सरकारले पहल गरेको बताउनुभयो ।

उहाँले संविधान, राष्ट्रिय स्वास्थ्य नीति २०७६, स्वास्थ्य क्षेत्र रणनीतिअनुसार नागरिकको आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने, आकस्मिक उपचार सेवा उपलब्ध हुने र गुणस्तरीय उपचार सेवा पाउने मौलिक हकलाई सुनिश्चित गर्न वार्षिक कार्यक्रम सञ्चालन गरेको बताउनुभयो ।

उहाँले बहुपक्षीय सहकार्यमार्फत् पनि आधारभूत स्वास्थ्य सेवा विस्तार गर्ने, स्वास्थ्य सेवा प्रदायकको कार्यसम्पादन प्रभावकारी बनाउने, स्वास्थ्य संस्थाको समयानुकूल क्षमता अभिवृद्धि गर्ने, विशेषज्ञ एवं विशिष्टिकृत सेवा विकास तथा विस्तार गर्ने, नागरिकको आवश्यकता र क्षमतालाई आधार मानी स्वास्थ्य बीमा कार्यक्रम परिमार्जन गर्ने बताउनुभयो ।

स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक डा दामोदर बसौलाले सबैलाई स्वास्थ्य सेवाको पहुँच पुऱ्याउनका लागि स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गरिने बताउनुभयो । उहाँले अझै पनि स्वास्थ्य बीमा कार्यक्रमभन्दा बाहिर रहेका सर्वसाधारणलाई बीमा कार्यक्रममा समेटी स्वास्थ्य सेवालाई निःशुल्क बनाइने बताउनुभयो । उहाँका अनुसार अहिले ६१ लाख ७८ हजार एक सय ४० जना स्वास्थ्य बीमामा आबद्ध छन् ।

विभागको उपचारात्मक सेवा महाशाखाका निर्देशक डा अनुप बाँस्तोलाले सबैमा स्वास्थ्य सेवा उपलब्ध गराउन सरकारले आधारभूत स्वास्थ्य सेवा केन्द्र, आधारभूत अस्पताल, सातवटै प्रदेशमा विशेषज्ञ सेवा प्रदान गर्ने आधुनिक अस्पताल र बीमा कार्यक्रम र विपन्न नागरिकका लागि जटिल प्रकारका नसर्ने रोगको उपचार कार्यक्रम विशेषज्ञ एवं विशिष्टिकृत सेवाको विकास र विस्तार गर्दै आएको जानकारी दिनुभयो ।

उहाँले सेवा नपुगेका दूरदराजमा टेलिमेडिसिनजस्ता प्रविधिमार्फत् स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यक्रम पनि सञ्चालन गरेको बताउनुभयो । सोमबार देशभर 'हामीले चाहेको विश्वको आवश्यकता, सबैका लागि स्वस्थ भविष्यको सुनिश्चितता' भन्ने नाराका साथ दिवस मनाइँदैछ ।

# गोबरको गुइँठाबाट खाना पकाउन बाध्य

सर्लाही, २६ मङ्सिर (रासस) ।

यहाँका अधिकांश नागरिक दाउराको अभावमा गाईबस्तुको गोबरबाट बनेका गुइँठामा खाना पकाउन बाध्य छन् ।

जिल्लामा रहेका २० स्थानीय तहमध्ये अधिकांश स्थानीय तहका बासिन्दा वर्षौंदेखि गोबरका गुइँठा बनाइ खाना पकाउनका लागि इन्धनका रुपमा प्रयोग गर्दै आइरहेका छन् । विषेशगरी जिल्लाका दक्षिणी भेगमा गुइँठाको प्रयोग अत्यधिक हुने गरेको छ । तराई-मधेसमा गुइँठाबाट खाना पकाउने चलन पुरानो भए पनि वनबाट पाइने दाउराको अभाव तथा असहज उपलब्धताले गर्दा सो क्षेत्रका नागरिक अझै पनि गुइँठाबाट खाना पकाउन बाध्य छन् ।

गाउँ नजिकै कुनै पनि वन नरहेको, वनबाट दाउरा ल्याउनका लागि टाढा जानुपर्ने बाध्यता तथा वनबाट दाउरा ल्याउँदा वनका कर्मचारी तथा प्रहरीले दुःख दिने गरेकाले आफूहरु गुइँठाकै प्रयोग गर्न बाध्य रहेको ब्रम्हपुरी गाउँपालिका-४ की रामकली देवीले गुनासो गर्नुभयो ।

गाईभैंसीको गोबरमा गहुँको भुसा, मकै, गहुँ वा तोरीको डाँठ र पराल आदि मिसाएर त्यसलाई चाक्लो पारी पथारेर तयार पारिने गुइँठालाई स्थानीय भाषामा गोरहा भन्ने गरिन्छ । तराई-मधेसमा घरका महिला सदस्यको प्रमुख काममध्ये गुइँठा बनाउन पनि एक रहेको छ । उनीहरुले घरधन्दा सँगसँगै खाना पकाउनका लागि गुइँठा पनि तयार गर्ने रहेको छ ।

गोबरबाट तयार पारिएको गुँइठालाई करिब एक महिना घाममा सुकाएपछि बाल्नका लागि तयार हुने र यसैलाई अहिलेसम्म इन्धनको रुपमा प्रयोग गर्दै आएको मलङ्गवा-७ मुसौलीकी रमिलादेवीले बताउनुभयो ।

जिल्लाको दक्षिणी भेगमा रहेका गाउँका घर तथा सडकमा सुकाएर राखिएको गुइँठाका दृश्य सामान्य नै लाग्छन् । सुकेर तयार भएको गुइँठालाई पानी नचुहिने, नभिज्ने तथा सुख्खा ठाउँमा थाक बनाएर राख्ने गरिन्छ । यसरी थाक बनाएर राखेका गुइँठा आवश्यकताअनुसार खाना पकाउन प्रयोग गरिन्छ ।

ब्रम्हपुरी-३ का रामविनय रायले गुइँठाबाट खाना पकाउँदा अत्यधिक धुँवा आउने, त्यसमा रहेका कीरा खानामा पर्ने, राम्रोसँग नबल्ने, स्वास्थ्यमा समस्या आउने भए पनि आफूहरुसँग अन्य विकल्प नरहेकाले बाध्य भएर गुइँठाको प्रयोग गर्नुपरेको बताउनुभयो ।

गाईबस्तुको गोबरबाट गुइँठा बनाएर बाल्दा खेतबारीमा जैविक मलको अभाव हुने गरेको छ । त्यसले गर्दा किसानले खेतीबारीमा बाध्य भएर रासायनिक मलको प्रयोग गर्नुपरिरहेको कृषि ज्ञान केन्द्रका प्रमुख कमलदेवप्रसाद कुशवाहले बताउनुभयो । खेतबारीमा जैविक मल प्रयोग नगरी केवल रासायनिक मलमात्र प्रयोग गर्नाले जमिनको उर्वरा शक्ति क्षणहुँदै जाने र अन्ततःजमिन मरुभूमिमा परिणत हुनसक्ने कुशवाहको भनाइ छ ।

गुइँठाको प्रयोगबाट निस्कने धुँवाबाट स्वास्थ्यमा नराम्रो असर पर्ने प्राथमिक स्वास्थ्य केन्द्र लालबन्दीका प्रमुख सुदिपराज काफ्लेले बताउनुभयो । उहाँका अनुसार लामो समयसम्म गुइँठाको धुँवामा बस्दा स्वाशप्रस्वाशसम्बन्धी विभिन्न रोग लाग्ने गर्छ ।

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं ।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

अनुरोधकर्ता
राजगढ गाउँपालिका, सप्तरी

# अन्तर्राष्ट्रिय पर्वतीय वर्ष समारोहको समापन

काठमाडौं, २६ मङ्सिर (रासस)। नेपालले मनाइरहेको अन्तर्राष्ट्रिय पर्वतीय वर्ष समारोहको समापन गरिएको छ। संयुक्त राष्ट्र सङ्घले सन् २०२२ लाई अन्तर्राष्ट्रिय दिगो पर्वतीय विकास वर्ष घोषणा गरेको थियो। त्यसैगरी हरेक वर्ष डिसेम्बर ११ मा विश्व भरी अन्तर्राष्ट्रिय पर्वतीय दिवस मनाउने गरिन्छ।

नेपालले अन्तर्राष्ट्रिय दिगो पर्वतीय विकास वर्षलाई विभिन्न कार्यक्रम आयोजना गरी मनाएको छ। वर्षभरि नै पर्वतीय अर्थतन्त्र, पर्वतीय संस्कृति, पर्वतीय जैविक विविधता, पर्वतीय महिला, पर्वत-समथर अन्तरसम्बन्ध र पर्वतीय जलवायु परिवर्तन गरी विभिन्न कार्यक्रमहरू आयोजना गरिएको थियो।

समापनका अवसरमा वन तथा वातावरण मन्त्रालयले आइतबार यहाँ आयोजना गरेको अन्तरक्रिया गोष्ठीमा अन्तर्राष्ट्रिय पर्वतीय दिवसका उपलक्ष्यमा आयोजित दिगो पर्वतीय समाधानका लागि महिला विषयक अन्तरक्रिया गोष्ठीसमेत आयोजना गरिएको थियो।

अन्तर्राष्ट्रिय पर्वतीय वर्ष मनाउने क्रम गत वर्ष चैत ९ र १० गते काठमाडौँमा दिगो पर्वतीय समाधानका लागि क्षेत्रीय नीति संवाद कार्यक्रम आयोजना गरी पर्वतीय वर्ष कार्यक्रमको उद्घाटन गरिएको थियो।

त्यसैगरी गत साउन ६ गते काठमाडौँमै सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलका प्रमुख सचेतक र सबै संसदीय समितिका सभापतिहरूसँग नेपालका पर्वतीय मुद्दाहरूका सन्दर्भमा अन्तरक्रिया गरिएको थियो। गत भदौ १७ गते काठमाडौँमै नेपालका विभिन्न मुलुकका आवासीय राजदूत, दातृ निकायका प्रतिनिधि र विकास साझेदारका प्रमुखहरूसँग नेपालको पर्वतीय महत्व र यसका समस्याका बारेमा छलफल आयोजना गरिएको थियो।

यसैगरी पर्वतीय वर्ष कार्यक्रम मनाउने सिलसिलामै गत असोज ५ र ६ गते मुस्ताङमा दिगो पर्वतीय समाधानका लागि अन्तर्राष्ट्रिय मुस्ताङ सम्मेलनको आयोजना गरिएको थियो। मुस्ताङ सम्मेलनबाट दिगो पर्वतीय समाधानका लागि मुस्ताङ घोषणापत्रसमेत जारी गरिएको थियो। उक्त घोषणापत्रको सन्देशलाई असोज १० देखि १३ गतेसम्म संयुक्त राज्य अमेरिकाको कोलोराडोमा आयोजित अन्तर्राष्ट्रिय पर्वतीय साझेदारीको छैटौँ अन्तर्राष्ट्रिय बैठक र गत कात्तिक २० देखि यही मङ्सिर २ गतेसम्म इजिप्टमा भएको जलवायु सम्मेलनमा नेपालका तर्फबाट प्रस्तुत गरिएको थियो।

**'पर्वत हाँक्ने महिला'**

संयुक्त राष्ट्र सङ्घले यस वर्षको अन्तर्राष्ट्रिय पर्वतीय दिवसका नारा 'पर्वत हाँक्ने महिला' तय गरेको छ। संसारभरि नै पर्वतीय क्षेत्रमा वातावरण संरक्षण र दिगो सामाजिक आर्थिक विकासका लागि महिलाहरूको महत्वपूर्ण भूमिका रहँदै आएको छ। पर्वतीय साझेदारीका अनुसार पर्वतीय क्षेत्रको ५० प्रतिशतभन्दा बढी कृषि कार्यमा महिलाहरू नै संलग्न छन्।

महिलाहरू पर्वतीय स्रोतहरूको प्राथमिक व्यवस्थापक हुनाका साथै जैविक विविधताका अभिभावक, परम्परागत ज्ञानका संवाहक, स्थानीय संस्कृतिका रक्षक र रैथाने औषधिका ज्ञाता हुन्। हाम्रो देशको सन्दर्भमा पनि पशुपालन, वन व्यवस्थापन, घरेलु उद्योग, पर्यापर्यटन, जडीबुटीको संरक्षण, सङ्कलन तथा दिगो उपयोगलाई महिलाले नै धान्दै आएका छन् भने प्रथाजनित अनुपम संस्कृतिको जगेर्ना पनि उनीहरूले गरिरहेका छन्।

गोष्ठीका सहभागीहरूले पर्वतीय देश नेपालको सभ्यता, संस्कृति, जैविक विविधता, कृषि, उद्योग र पर्यटनलाई महिलाहरूले नै हाँकेका उल्लेख गर्दै पर्वतीय भेग र त्यससँग जोडिएका भूभागका महिला जलवायु परिवर्तन, गरिबी, अशिक्षा, पुरुषप्रधान कुसंस्कार र वातावरण विनाशबाट तुलनात्मक रूपमा बढी प्रभावित रहेको समेत सुनाउनुभयो।

दिगो पर्वतीय विकास गर्ने हो भने पर्वतीय महिलाले झेल्नु परेका आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यावरणीय चुनौती र समस्याको समाधानमा नीतिगत, कानुनी, संस्थागत, कार्यक्रमिक तथा व्यवहारगत प्रयास हुनुपर्ने उहाँहरूको सुझाव छ।

कार्यक्रममा अन्तर्राष्ट्रिय दिगो पर्वतीय विकास वर्ष, २०२२ लाई मनाउन गरेका प्रयास, तिनका र उपलब्धिका बारेमा जानकारी गराइएको थियो। साथै पर्वतीय अर्थतन्त्रको प्रवर्द्धन, संस्कृतिको जगेर्ना र वातावरण संरक्षणमा महिलाहरूले निर्वाह गरेको भूमिका एवं जलवायु परिवर्तनले महिलालाई पारेको असरबारे प्रकाश पार्दै दिगो पर्वतीय विकासका लागि लैङ्गिक समानताको महत्वबारे छलफल गरिएको थियो। गोष्ठीमा अर्थतन्त्र, जैविक विविधता, संस्कृति, नीतिनिर्माण, न्याय, कूटनीति, सामाजिक अभियानलगायत पर्वतीय विषयका विविध पक्षमा अगुवाइ गर्ने प्रेरणादायी महिला नेतृत्वहरूले आफ्ना विचारहरू राख्नुभएको थियो।

*बाँकी अन्तिम पृष्ठमा*


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**महादेवा गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### नयाँदिल्लीमा वायुको गुणस्तर 'अति खराब'

नयाँदिल्ली, २६ मङ्सिर (रासस/एएनआई)। चिसो बढेसँगै राष्ट्रिय राजधानीको वायुको गुणस्तर अति खराब भएको छ। दिल्ली विश्वविद्यालय नजिकको क्षेत्रमा धुँवाको स्तर बढेको तथा वायुको गुणस्तर सूचकाङ्क (एक्युआई) ३१४ मा पुगेको छ। नोएडामा ३५१ तथा गुरुग्राममा १५६ एक्युआई अभिलेख गरिएको छ।

गत बुधबार वायु गुणस्तर व्यवस्थापन आयोगले दिल्लीको समग्र वायुको गुणस्तरमा सुधार भएपछि राष्ट्रिय राजधानी क्षेत्रको वायुको गुणस्तरलाई थप बिग्रनबाट रोक्ने आपत्कालीन उपाय कार्यान्वयन गर्ने निर्णय गरेको थियो। केन्द्रीय सरकारले पनि वायुको गुणस्तरको समीक्षा गर्दै सुधारका उपाय इमानदारीका साथ अवलम्बन गर्न सबै सम्बद्ध निकायलायई निर्देशन दिएको थियो।

देशको राष्ट्रिय राजधानीको वायुको गुणस्तर अति खराब भएपछि यही मङ्सिर १८ गते वायु प्रदूषण हुन नदिने प्रतिकार्य योजनाअन्तर्गत अस्थायीरुपमा भवन निर्माण तथा भत्काउनेलगायत काममा प्रतिबन्ध घोषणा गरेको थियो। यद्यपि राष्ट्रिय प्रतिरक्षा, मेट्रो रेल, विमानस्थल, अस्पताल, विद्युत् प्रसारणका कामलाई भने निरन्तरता दिन परिपत्र गरिएको थियो।

शून्यदेखि एक सयसम्मको वायु गुणस्तर सूचकाङ्कलाई राम्रो मानिन्छ भने एक सयदेखि दुई सयसम्म मध्यम, दुई सयदेखि तीन सयसम्मलाई खराब, तीन सयदेखि चार सयसम्मलाई अति खराब तथा चार सयदेखि पाँच सयसम्म जा त्यसभन्दा माथिको स्थितिलाई गम्भीर मानिन्छ।

### बेलाइत-भारत स्वतन्त्र व्यापार सम्झौता वार्ता

नयाँदिल्ली, २६ मङ्सिर (रासस/एएनआई)। बेलाइत र भारतबीच सोमबारदेखि यहाँ स्वतन्त्र व्यापार सम्झौता वार्ता हुँदैछ। बेलायतका वाणिज्यमन्त्री केमी बडेनोकले सोमबार आफ्ना भारतीय समकक्षी केन्द्रीय वाणिज्यमन्त्री पियुष गोयलसँग भेटवार्ता गरेर स्वतन्त्र व्यापार सम्झौताको छैटौं चरणको वार्ता प्रारम्भ गर्नेछिन्।

वाणिज्यमन्त्री बाडेनोकको भ्रमणले बेलाइत र भारतबीचको औपचारिक द्विपक्षीय सम्बन्धलाई सुदृढ पार्ने तथा द्विपक्षीय व्यापार सम्झौता निष्कर्षमा पुग्ने अपेक्षा गरिएको छ। एक सातासम्म जारी रहने वार्तामा बेलाइत-भारत व्यापार सम्बन्धका सबै पक्षमा विचारविमर्श हुने वाणिज्य मन्त्रालयले जनाएको छ।

वार्ता प्रारम्भ हुनुअघि दुवै देशका प्रतिनिधिलाई मन्त्री बाडेनोचले सम्बोधन गर्ने कार्यक्रम छ। उनले भारतका व्यापारीका आवश्यकताबारे जानकारी लिन भारतीय उद्योगव्यवसायी सङ्घका नेताहरूसँग पनि भेटवार्ता गर्नेछिन्। यसक्रममा 'फेयरट्रेड पेपर एण्ड प्याकेजिङ' उत्पादन गर्ने प्लान्ट निर्माण गर्न भारतमा एक करोड पाउण्डभन्दा बढी लगानी गर्ने बेलाइती कम्पनीका पदाधिकारीसँग पनि बैठक हुनेछ।

यसैबीच, बेलाइत उद्योग परिसङ्घका अन्तर्राष्ट्रिय निर्देशक एन्डी बर्वेलले बेलाइत-भारत स्वतन्त्र व्यापार सम्झौता द्विपक्षीय व्यापार प्रवर्द्धन तथा औद्योगिक विकासका निम्ति महत्वपूर्ण हुने बताउँदै त्यसमा नै बेलाइतले जोड दिने बताएका छन्। पारस्परिक व्यापारलाई सन्तुलित एवम् व्यापाक तुल्याउन यथाशीघ्र सम्झौता हुनुपर्ने अभिमत उनले व्यक्त गरेका छन्। साथै उनले बेलाइतका कम्पनीहरू भारतमा लगानी गर्न उत्सुक रहेका बताएका छन्।

तत्कालीन प्रधानमन्त्री बोरिस जोनसन र लिज ट्रसको कार्यकालमा नै भारत र बेलाइतबीच व्यापार सम्झौता अन्तिम चरणमा पुगेको थियो तर उहाँहरूले राजीनामा दिएपछि त्यो पछि धकेलिएको थियो।

### अफगान सेनाको आक्रमणमा सात जना सर्वसाधारण मारिए

क्वेटा, २६ मङ्सिर (रासस/एपी)। अफगानिस्तानको सेनाले पाकिस्तानसँगको सीमावर्ती सहरमा आइतबार गरेको सीमापार आक्रमणमा सात जना सर्वसाधारणको मृत्यु भएको छ। तालिवान सेनाको यो कदमबाट अफगानिस्तान र पाकिस्तानको बीचको सम्बन्धमा तनाव थपिएको छ।

दक्षिणपश्चिमी पाकिस्तानको चमनमा भएको यो घटनाले इस्लामावाद र काबुलका तालिबान शासकबीचको तनावलाई बढाएको छ। चमन दुई देशबीचको व्यापारका लागि मुख्य नाका हो। घटनापछि बन्द भएको द्विपक्षीय आवागमनको नाका सोमबार पुनः खोलिएको अधिकारीहरूले बताएका छन्।

पाकिस्तानी सेनाको सञ्चार शाखाले अफगानी आक्रमणमा छ जनाको मृत्यु भएको बताए पनि पछि मृत्यु हुनेको सङ्ख्या सात पुगेको तथा अन्य १६ जना घाइते भएका जनाएको छ। पाकिस्तानी सेनाले अफगानिस्तानको आक्रमणई जवाफ दिएको बताए पनि थप विवरण उपलव्ध गराएको छैन। आक्रमणको विरोध गर्दै पाकिस्तानले काबुलका अधिकारीहरूसँग सम्पर्क गरेको छ।

चमनमा सञ्चालित सरकारी अस्पतालका चिकित्सक अख्तर मोहम्मदले २७ जना घाइतेलाई उपचारका लागि अस्पतालमा ल्याइएको तथा तीमध्ये सात जनाको अवस्था गम्भीर रहेको बताएका छन्। झडपका क्रममा एकजना तालिबानी पनि मारिएका र १० जना अफगानी घाइते भएका छन्।

# क्षमता बिकास सम्बन्धी तिन दिने तालिम सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २६ मंसिर ।**

गैरसरकारी संस्थाहरुको लागि क्षमता अभिबृद्धि बिकास सम्बन्धी तिन दिने तालिम सोमबार सम्पन्न भएको छ । शनिबारदेखी राजविराजमा सुरु भएको उक्त तालिम सोमबार सम्पन्न भएको हो ।

सबल नेपालको आयोजना तथा सेभ द चिल्ड्रेनको सहयोगमा सीडा कार्यक्रम अन्तरगत सहयोगमा तालिम संचालन भएको हो ।

तालिम समापनका प्रमुख अतिथि गैसस महासंघका केन्द्रिय वरिष्ठ उपाध्यक्ष ध्रुव प्रसाद देवले गैरसरकारी संस्थाहरु लैङगिक हिंसा अन्त्य गर्नेतर्फ उन्मुख हुनुपर्नेमा जोड दिए । उनले महिला अधिकार, बालबालिका र समुदायको स्तरबिधिका लागि काम गर्नुपर्नेमा जोड समेत दिए ।

गैसस महासंघ नेपाल सप्तरीका कार्यवाहक अध्यक्ष बलदेव मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बिशिष्ट अतिथि गैसस महासंघ नेपाल सप्तरीका संस्थापक अध्यक्ष इन्द्रनारायण देव र सबल नेपालका निर्देशक दिपक झा लगायतका उपस्थित रहेको थियो ।

२५ गैर सरकारी संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको उक्त तालिमको सहजिकरण देवराज पोखरेल, रामप्रकाश चौधरी र बलदेव मण्डलले गरेका थिए ।

यसैबिच जिल्ला बाल संरक्षण समिति सप्तरी समेत गठन गरिएको छ । जनचेतना समाज नेपालका अध्यक्ष सुर्यनरायण यादवको संयोजकमा २१ जना सदस्य रहने गरि जिल्ला बाल संरक्षण समिति सप्तरी गठन गरिएको सिडा कार्यक्रमका संयोजक निरबहादुर आलेले जानकारी दिए ।

# सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता जारी गर्न राष्ट्रपति समक्ष सिफारिस गर्ने

काठमाडौँ, २६ मङ्सिर (रासस) ।

सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता (पहिलो संशोधन) अध्यादेश, २०७९ जारी गर्न राष्ट्रपति समक्ष सिफारिस गर्ने भएको छ ।

आइतबार बसेको मन्त्रिपरिषद्ले गरेका निर्णयबारे आज जानकारी दिँदै सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले मुलुकलाई आन्तरिक एकताका साथ सबैलाई काम गर्न दिने मनसायका साथ मुलुकको राजनीतिक प्रणालीसँग असहमत रही हिंसात्मक क्रियाकलापमा संलग्न राजनीतिक दल वा समूहलाई शान्तिपूर्ण राजनीतिक मूलधारमा ल्याउने उद्देश्यका साथ सो अध्यादेश राष्ट्रपति समक्ष सिफारिस गरिएको जानकारी दिनुभयो ।

त्यसैगरी सरकारले सार्वजनिक संस्थान सुझाव समितिलाई थप प्रभावकारी र समावेशी बनाउन दुई महिला सदस्य थप गर्ने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नेपाल इञ्जिनियरिङ सेवाको सामूहीकरण (क्लष्टर) तर्फका सचिव सुरेश आचार्यलाई सहरी विकास मन्त्रालयको सचिव पदमा सरुवा गर्ने निर्णयसमेत गरेको छ ।

"गोदक-सोयक १३२ केभी प्रसारण आयोजनाका लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने र नेपाल राष्ट्रिय भूतपूर्व सैनिक सङ्घलाई सरकारी जग्गा लिजमा उपलब्ध गराउन स्वीकृति दिने सरकारले निर्णय गरेको छ", सरकारका प्रवक्ता कार्कीले भन्नुभयो ।

मन्त्रिपरिषद्ले कालीगण्डकी करिडोर (न्यू बुटवल/बर्दघाट) आयोजनाको २२० केभी प्रसारण लाइनका लागि वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने निर्णय गरेको छ । राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव राम आधार शाहलाई नेपाल इञ्जिनियरिङ सेवाको सामूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ठ श्रेणीमा बढुवा गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव पदमा पदस्थापन गर्ने मन्त्रिपरिषद्को निर्णय छ ।

# 'जलवायु परिवर्तनलाई समयमै न्यूनीकरण गर्न नसके कृषिमा असर'

काठमाडौँ, २६ मङ्सिर (रासस) ।

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले विश्वमा बढ्दै गइरहेको जलवायु परिवर्तनलाई समयमै न्यूनीकरण गर्न नसकेमा कृषि उत्पादनमा नकारात्मक असर पर्ने बताउनुभएको छ ।

अन्तर्राष्ट्रिय किसान आन्दोलनको विश्वव्यापी नेतृत्वको स्थायी समितिको बैठकको शुभारम्भ गर्ने क्रममा उहाँले जलवायु परिवर्तनले हिमाल पग्लिने, बाढी पहिरो, विपतको जोखिम, उत्पादकत्वमा कमिलगायत समस्या देखा पर्न थालेकामा चिन्ता व्यक्त गर्नुभयो ।

पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका नेपालले विश्व अर्थतन्त्रलाई मजबुत बनाउन कृषि क्षेत्रमा उत्पादनको महत्व हुने उल्लेख गर्दै विश्वमा शक्ति सम्पन्न राष्ट्रका बीच देखा परेको तनाव तथा ठूला भनिएका मुलुककमा भइरहेका युद्धले विश्वमा गरिबी बढने, जनताको खाद्य सम्प्रभुता अधिकार लागू हुन नसक्ने विचार व्यक्त गर्नुभयो ।

युद्धका कारण विश्वको कृषि उपजको उत्पादन तथा उत्पादकत्वलगायत समग्र क्षेत्रमा प्रतिकुल असर देखा पर्ने भन्दै उहाँले नेपाल असंलग्न परराष्ट्र नीतिको पक्षमा रहेकाले मानवीयताविरुद्ध विश्व परिवेशमा भएका सबै खाले युद्ध रोक्न आग्रह गर्नुभयो ।

अध्यक्ष नेपालले किसान वर्गको जीवनस्तरमा सुधार ल्याउने र उनीहरुलाई आर्थिक रुपान्तरण गर्ने, जनताका खाद्य सम्प्रभुता अधिकार सुनिश्चित गर्ने विषयमा बैठकमा छलफल केन्द्रीत गर्न सहभागी राष्ट्रका प्रतिनिधिलाई सुझाव दिनुभयो ।

अखिल नेपाल किसान महासङ्घका अध्यक्ष बलराम बाँस्कोटाले विश्वव्यापी रुपमा कृषि क्षेत्रको उत्पादनमा आएको समस्या तथा तिनका समाधानका सामूहिक उपायबारे बैठकमा छलफल गरिने बताउनुभयो । ललितपुरको गोदावरीमा सोमबारदेखि आगामी पुस २ गतेसम्म हुने बैठकमा नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान, श्रीलंकालगायत ८० राष्ट्रका किसान सङ्गठनका नेतृत्व तथा प्रतिनिधिको सहभागी छन् ।

# आठ नक्कली कर्मचारी पक्राउ

काठमाडौँ, २६ मङ्सिर (रासस) ।

नेपाल प्रहरीले आन्तरिक राजस्व कार्यालयका नक्कली कर्मचारी बनेर ठगी गर्ने आठ जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसर काठमाडौँको टोलीले आन्तरिक राजस्व कार्यालयका नक्कली कर्मचारी बनेर ठगी तथा कीर्ते गर्ने आठ जनालाई पक्राउ गरी आइतबार पत्रकार सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा पूर्वी नवलपरासीका २९ वर्षीय विनबहादुर विक, पाँचथरका २२ वर्षीय सृजना भट्टराई, अछामका १९ वर्षीय सागरजङ्ग लुहार, अछामकै २३ वर्षीय दुधकला विश्वकर्मा, सिन्धुपाल्चोकको २३ वर्षीय प्रमिशा तामाङ, नुवाकोटकी २१ वर्षीय अञ्जना तामाङ, कञ्चनपुरका २४ वर्षीय राजीव विष्ट र कञ्चनपुरकै २५ वर्षीय डेविड धामी रहेका छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक भरतबहादुर बोहोराले आन्तरिक राजस्व कार्यालयका कर्मचारी हौँ भन्दै कर असुलीको नाममा ठगी र किर्ते काम गरेकाले पक्राउ गरिएको जानकारी दिनुभयो । प्रहरीले पक्राउ परेकासँग आन्तरिक राजस्व कार्यालयको नाममा छापिएको लेटरप्याड, परिचयपत्र, नगद रसिदसहित रु पाँच लाख आठ हजार छ सय ४० बरामद गरेको छ । प्रहरीले उनीहरूलाई ठगी र कीर्ते गरेको अभियोगमा मुद्दा चलाउने तयारी गरिएको बोहोराले बताउनुभयो ।

### *अन्तर्राष्ट्रिय ...*

सर्वोच्च अदातलका न्यायाधीश सपना प्रधान मल्लको प्रमुख आतिथ्यमा र मन्त्रालयका निमित्त सचिव डा बुद्धिसागर पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रियसभाका सदस्य डा विमला राई पौड्याल, राष्ट्रिय योजना आयोगका सदस्य सलोनी प्रधान सिंह, प्रधानमन्त्रीका जलवायु परिवर्तन सल्लाहकार डा माधव कार्कीलगायत सहभागी हुनुहुन्थ्यो ।

कार्यक्रममा, रेड कार्यान्वयन केन्द्रका प्रमुख डा रामचन्द्र कँडेल, राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिका सदस्यसचिव डा सिन्धुप्रसाद ढुङ्गाना, मन्त्रालयका उपसचिव विनिता गुरागाईं, अधिकृत दीपा ओली, किर्डाक नेपालका गीता पाण्डे लगायतले दिगो पर्वतीय समाधानमा महिलाको भूमिकालगायत विषयका विभिन्न प्रस्तुतीकरण गर्नुभएको थियो ।





धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं ।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं ।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ ।

त्यसैले,
धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer – प्रभुको इच्छा – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*